# पचालझरना गाँउपालिको

# खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यावस्थापन गर्न बनेको ऐन , २०८३

पचालझरना गाँउपालिका

पडेक्षा ,कालिकोट

कर्णाली प्रदेश

देवराज शाहि
अध्यक्ष

देवराज शाही
अध्यक्ष

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेला, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

नियम नं २५

प्रमाणिकरण मिति :२०८३।०३।२८

**प्रस्तावना**

पचालझरना गाँउपालिका भित्र बसोबास गर्ने प्रत्येक नागरिकको स्वच्छ खानेपानी र सरसफाइमा समान पहुँचको सम्मान, संरक्षण र परिपूर्ति गरी स्वच्छ, गुणस्तरीय, दिगो, भरपर्दो, र नियमित खानेपानी र सरसफाइको सेवालाई सहज रुपमा उपलब्ध गराइ र नियमन गर्न आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संबिधानको धारा २२६ बमोजिम पचालझरना गाउँ सभाले यो ऐन बनाएको छ।

## १ संक्षिप्त नाम विस्तार र प्रारम्भ :

१. यस कार्य विधिको नाम : खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यावस्थापन गर्न बनेको ऐन , २०८३ रहेको छ।

२. यो कार्यविधि पचालझरना गाँउपालिका भित्र मात्र लागु हुनेछ।

३. यो कार्य विधि तत्काल लागु हुनेछ।

## २ बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा :

**-क) खानेपानी** : भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ।

**ख) प्रमुख प्रशासकीय अधिकृत** : भन्नाले पचालझरना गाँउपिलकाका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ।

**(ग) समिति :** भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ।

**(घ)तोकिएको वा तोकिएबमोजीम** : भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

देवराज शाहि
अध्यक्ष
देवराज शाही
अध्यक्ष

**३) उपभोक्ता समिति दर्ता गर्नु पर्ने** : स्थानीय स्तरमा व्याक्तिगत तथा सामुदायीक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ ।यस कार्यविधि बमोजीम दर्ता नगरि कसैले पनि उपभोक्ता समिति स्थापना गर्नुहुदैन ।

**४ . खानेपानीको मुल दर्ता गर्नु पर्ने** (१) प्राकृतिक रुपमा खानेपानी निसृत हुने क्षेत्र र पानीको स्रोत वा खानेपानीको स्रोत, मूल वा मुहानबाट संकलन गरी खानेपानी व्यवस्थापन गर्न चाहने उपभोक्ता संस्थाले तोकिएको प्रक्रिया बमोजिम गाउँपालिकामा खानेपानीको मूल वा मुहान दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुहान दर्ता सम्बन्धमा कुनै विवाद सृजना भएमा सो सम्बन्धी स्थानीय समुदायको परामर्श लिई सम्बन्धित वडा समितिले विवाद समाधानका लागि सहजीकरण गर्नेछ ।

(३) मुहानको स्वमित्व सम्बन्धी विवाद संघीय कानुन बमोजिम हुनेछ ।

**५.समिति दर्ता** : (१) दफा ११ बमोजिम गठन भएका उपभोक्ताहरू वा समुदायका सदस्यहरुले गाउँपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, तथा बहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न गाउँपालिकाको कार्यालयमा वडा समितिको सिफारिस तथा कम्तिमा नब्बे प्रतिशत उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णय सहित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको दर्ता गर्नका लागि लिखित निवेदन दिनु पर्नेछ ।

(२) यो ऐन लागु हुनुपूर्व प्रचलित कानुन बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्था, समूह, वा समिति मध्ये प्रचलित संघीय र प्रदेश कानुन बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह वा समितिहरुले यो ऐन लागु भए पश्चात् गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाण-पत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नु वा हुनु पर्नेछ । तर, यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नु पर्ने छैन ।

(३) यस दफा बमोजिम दर्ता तथा सुचीकरण भएका उपभोक्ता संस्थाले गाउँपालिकामा तोकिएको ढाँचामा आर्थिक तथा प्रगति प्रतिवेदन सहित नविकरण गराउनु पर्नेछ ।

(४) उपभोक्ता संस्थाको गठन तथा परिचालन सम्बन्धी अन्य कार्यबिधि तोकिएबमोजिम हुनेछ ।

देवराज शाहि
अध्यक्ष
देवराज शाही
अध्यक्ष

## ६ समिति संगठित मानिने

(१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाको छुट्टै विधान हुनुपर्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) माथि जेसुकै लेखिएको भएतापनि सार्वजनिक सम्पति बेच्न भने पाइने छैन ।

**७.सँस्थाको सम्पति** १ समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्याक्तिले समितिको विधान बिरुद्ध सँस्थाको कुनै सम्पति दुरुपयोग गरेमा कब्जा गरेमा व रोक्का राखेमा गाँउपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने कब्जा र रोक्का राख्नेबाट लिई सम्पतिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

२ उपदफा १ बमोजिमको समितिको सम्पति फिर्ता गर्ने गरि गाँउपालिकाले गरेको कार्वाहीमा चित्त नबुझने व्याक्तिले सम्बन्धि अदालतमा उजुर गर्न सक्नेछ ।

३ समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्याक्तिले समितिको कुनै सम्पति वा लिखत वा प्रतिष्ठा बिरुद्ध कुनै अपराध वा बिराम गरेमा समिति वा समितिको कुनै सदस्य उपक प्रचलित कानुन बमोजीम गाँउपालिकाले कार्वाही चलाउन सक्नेछ ।

**८= यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने** १ यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजीम दर्ता भई वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिना भित्र यो कार्यविधि बमोजीम सुचिकृत गराउनु पर्नेछ । सुचिकृत दर्ता हुनको लागि गत आ व सम्मको लेखा परिक्षण प्रतिवेदन र साधरण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**९ =समितिको उदेश्यहरुमा हेर फेर** १ समितिको उदेश्यहरुमा हेरफेर गर्न अवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धि प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

देवराज शाहि
अध्यक्ष
देवराज शाही
अध्यक्ष

२ साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्थावनामा समर्थन जनाएमा सो प्रस्ताप साधारण सभाबाट पास भएको मानिनेछ।
तर सो प्रस्ताव लागु गर्न गाँउपालिकाको पुर्व स्वीकृत लिनु पर्नेछ।

**१० समितिको वर्गिकरण दर्ता:** अनुमति प्राप्त गरि गाँउपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यावस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको अधारमा निम्न अनुसार उपभोक्ता समिति वर्गिकरण हुनेछ।
५०१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको क वर्ग
३०१ देखि ५०१ जना सम्म उपभोक्ता सदस्य भएको ख वर्ग
१०० जना सम्म उपभोक्ता सदस्य भएको ग वर्ग

**११ तदर्श समिति गठन गर्न :** सकिने यस अघि दर्ता स्वीकृत प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरि स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजीम ६ महिना भित्र साधारण सभा गरि उपभोक्ता समिति गठन प्रक्रिया पुरा नगरेमा त्यसता तदर्स समिति वा अवधि पुरा भएका उपभोक्ता समितिहरुलाई विगठन गरि सञ्चालन नियमित गर्न गाँउपालिकाको तर्फबाट सम्बन्धीत उपभोक्ता सदस्यहरु मध्येबाट तदर्श समिति गठन गरि साधारण सभा समेतका अवश्यक प्रकृया काम कार्वाही गरी गराई व्यावस्थापन गर्न सक्नेछ।

**१२ संघ गठन गर्न सकिने:** दर्ता स्वीकृत प्राप्त गरि गाँउपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानरेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाँउपालिका स्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरि सोही संघको प्रत्येक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरुलाई व्यावस्थित रुपमा सञ्चालन गरिनेछ।

**१३ हिसाबको विवरण पठउनु पर्ने :** उपभोक्ता समितिले अफ्नो समितिको हिसावको विवरण लेखा परिक्षणको प्रतिवेदन सहित प्रत्येक बर्ष गाँउपालिकामा पठाउनु पर्नेछ।

**१४ हिसाब जाँच गर्ने** १ प्रमुख प्रासकिय अधिकृतले अबश्यक देखेमा समितिको हिसाब अफुले नियुक्त गरेको कुनै अधिकृतद्वरा जाँच गराउन सक्नेछ।
२ उपदफा १ बमोजिम हिसाब जाँच गराए वापत गाँउपालिकाले हिसाव जाँचबाट देखिन अएको समितिको मौजात रकमको सय कडा तिन प्रतिशतमा नबढाई अफुले निर्धारण गरेको दस्तुर लिन सक्नेछ।

देवराज शाहि
अध्यक्ष
देवराज शाही
अध्यक्ष

३ हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजात  वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

४ हिसाब जाँच गर्ने अधिकृतले गाँउपालिकाले तोकेको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाँउपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको अधारमा समितिको कुनै सम्पति सो सँस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सानि गरेको र दुरुपयोग गरेकोछ भन्ने गाँउपालिकालाई लागेमा निजले तेस्तो पदाधिकारी सदस्य वा कर्मचारीबाट सो हानिनोक्सान असुल गर्न प्रचलित कानुन बमोजिम कार्वाही चलाउन सक्नेछ ।

तर प्रचलित कानुन अनुसार सजाय समेत हुने अपराध भएमा प्रचलित कानुन बमोजीम मुद्दा चलाउन सक्नेछ ।

**१५ निर्देशन दिने** गाउँपालिकाले उपभोक्ता संस्था, अनुमति-पत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी,  तथा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

गाँउपालिकाले समितिलाई अवश्यक निर्देशनदिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

**१६ दण्ड सजाय :**(१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ ।

(क)  यस ऐनले अनुमति लिनु पर्ने भनी निर्धारण गरेका कार्य बिना अनुमति गर्ने

(ख)  खानेपानी सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी कुनै संरचनामा क्षति पुर्याएमा

(ग)  यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ

(क)  बमोजिमको कसूर गरेमा उपभोक्ता संस्थाको हकमा रु २००० (क) (१) उपदफा र अनुमतिपत्र प्राप्त संस्थाको हकमा रु ५००० जरिवाना गरी अनुमति लिन आदेश गरिनेछ ।

(ख)  बमोजिमको कसूर गरेमा क्षति बराबरको क्षतिपुर्ति सहित रु ५००० देखि १००००  (ग) र (ख) (१) उपदफा सम्म जरिवानागरिनेछ ।

देवराज शाहि
अध्यक्ष
देवराज शाही
अध्यक्ष

प्रचलित कानुन बमोजिम सजाय हुने: संघीय खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा ४२, फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा ३८ र प्रचलित संघीय कानुनले कसुरको रुपमा निर्धारण गरेका कसुर गरेमा सोहि कानुन बमोजिम सजाय हुनेछ।

**१७ पुनरावेदन** दफा ५१ अनुसार गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा संघ संस्थाले त्यस्तो आदेश भएको मितिले पैँतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

**१८ समिति विघान वा त्यसको परिणाम** १ समितिको विघान बमोजीम कार्य सञ्चालन गर्न नसकि वा अन्य कुनै कारण वस समिति विघटन भएमा त्यस्तो समितिको सम्पुर्ण जाहेजेथा गाँउपालिकामा सर्नेछ।
२ उपदफा १ बमोजीम विघटन भएको समितिको दायीत्वको हकमा सो समितिको जाहेज्यथाले भ्याए सम्म त्यस्तो दायित्व गाँउपालिकाले व्याहोर्नेछ।

**१९ नियम बनाउने अधिकार** यस कार्य विधिको उदेश्य कायान्वयन गर्न गाँउपालिकाले नियम बनाउन सक्नेछ।
**२०** समितिले आफ्नो विधान अनुसारको तोकिएको समयाअवधि भित्रमा नयाँ कार्य समिति चयन हुँन नसकेमा उक्त कार्य समितिको स्वतह विघटन भएको मानि अर्को कार्य समिति नभए सम्म समिति सञ्चालन गाँउपालिकाले गर्नेछ।

**२१ खारेजी र बचाउ** (१) गाउँपालिकाले दफा १६ बमोजिम अनुमति प्राप्त संस्थाको सेवा सम्बन्धमा आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना नगरे वा तोकिएको कार्य सम्पादन मानकको मुल्यांकनका आधारमा व्यवस्थापकीय तथा सेवा संचालन गर्न अनुपयुक्त देखिएमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(३) यस दफा बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

देवराज शाहि
अध्यक्ष
देवराज शाही
अध्यक्ष

अनुसुचि १

-नियम ५ को उपनियम २ सँग सम्बन्धित)

खानेपानी उपभोक्ता सास्था दर्ता प्रमाण ' पत्र

पचालझरना गाँउपालिकाको कार्यालय

पडेक्षा, कालिकोट

कर्णाली प्रदेश

खानेपानी तथा सरसफई उपभोक्ता सिमित दर्ता प्रमाणपत्र

मिति ..........................................

दर्ता मिति :..........................................

दर्ता नम्बर : ..........................................

श्री अध्यक्ष/सचिव

..........................................सम्बन्धित उपभोक्ता सँस्थाको नाम) ..........................................पचालझरना गाँउपालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति ब्यावस्थापन सम्ब्न्धित बनेको कार्यविधि २०७६ को दफा ५ को उपदफा अनुसार खानेपानी तथा सरसफाई उपभोक्ता समिति ब्यावस्थापन सम्बन्धित कार्यविधि २०७६ को नियम ५ को उपनियम २ बमोजीम......................साल..................................महिना ......................गतेमा यस कार्यालयमा दर्ता प्रमाण पत्र प्रदान गरिएकोछ ।

खानेपानी तथा सरसफाई उपभोक्ता समिति ब्यावस्थापन सम्बन्धि कार्यविधि २०७६ बमोजीम आफ्नो कार्य सञ्चालन गर्नु होला .

प्रमुख प्रशासकिय अधिकृतको

सही..........................................

पुरा नाम..........................................

दर्जा ..........................................

कार्यालय ..........................................

देवराज शाहि
अध्यक्ष

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

....................................................................................................................................................................

........................................................

| नविकरण गरेको मिति | दर्ता प्रमाण पत्र बहाल रहने अबधि | | नविकरण दस्तुर | अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

देवराज शाहि
अध्यक्ष
देवराज शाही
अध्यक्ष